ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रशासन शाखा

ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

प.स. :- २०८१/०८२
च.नं. :-

मिति :- २०८१/०४/०१

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी ऐसेलुखर्क गाउँपालिकाको अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता नियमावली, २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व. २०८१/०८२ का लागि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०८१ साल श्रावण १ गतेदेखि २०८१ साल भाद्र मसान्त भित्रमा अनिवार्य रुपमा तपसिलका आवश्यक कागजात सहित आ-आफनो वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन यसै सूचना मार्फत जानकारी गराईन्छ। नवीकरण अवधि भित्रमा नवीकरण गर्न छुट भएमा लाभग्राही स्वयम जिम्मेवार हुनु पर्नेछ। बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अति अशक्त अपाङ्गता भएका लाभग्राहीहरुको हकमा निजको बुबा, आमा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सक्नेछन। साथै मिति २०८१/१०/०१ गते बाट सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेसन अनिवार्य रुपमा लागु हुने भएकाले राष्ट्रिय परिचयपत्र नम्बर भएका व्यक्तिहरुले नवीकरणको समयमा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) उपलब्ध गरिदिनु हुन अनुरोध छ।

**तपसिल**

- सामाजिक सुरक्षा भत्ता परिचयपत्र।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- लाभग्राहीको तिनपुस्ते विवरण।
- हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति।
- दलित बालबालिकाको हकमाः जन्मदर्ता प्रमाणपत्र र संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- विधवा महिलाको हकमाः पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस।
- ६० वर्ष उमेर पुगी विवाह नगरेको महिलाको हकमाः अविवाहित रहेको वडाको सिफारिस।
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमाः सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस।
- अपाङ्गता भएको हकमाः गाउँपालिकाबाट जारी भएको अपाङ्गताको परिचयपत्रको प्रतिलिपि।
- बैङ्क खाता नम्बर/ चेकको प्रतिलिपि।
- सम्पर्क नम्बर।
- राष्ट्रिय परिचयपत्र आवेदनको प्रतिलिपि।

पुनश्चः- समयमै नवीकरणका लागी निवेदन पेश नगर्ने लाभग्राहीको लगत कट्टा भई सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने व्यहोरा समेत सूचित गरिन्छ।

२०८१/०४/०१
............................
निर कुमार वस्नेत
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

☎ ०३६-४११११०३ ☎ ०३६-४११११०४ ☎ अध्यक्ष ९८५२८४९६८५ ☎ उपाध्यक्ष ९८५२८४९६८६
☎ प्रमुख प्रशासकीय अधिकृत ९८५२८४९७१३ ☎ आर्थिक प्रशासन शाखा ९८५२८४९०९२ ☎ सूचना अधिकारी ९८५१२७८३४४
E-mail :info@aiselukharkamun.gov.np
Website:www.aiselukharkamun.gov.np